घरपझोङ गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७४ चैत्र २७

# घरपझोङ गाउँपालिका

## घरपझोङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि

## २०७४

घरपझोङ गाउँकार्यपालिका

**घरपझोङ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

जोमसोम,मुस्ताङ

# घरपफ्फोङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति संबन्धी कार्यविधी

## २०७४

## घरपफ्फोङ गाउँपालिका भित्रका सामुदायकि विद्यालयमा रिक्त रहेका शिक्षक दरवन्दीहरुमा पदपूर्ति गर्नको लागि यस गाउँपालिकाले यो कार्यविधि तयार पारेको छ।

१ घरपफ्फोङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्न पर्ने भएमा गाउँ शिक्षा अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सुची माग गर्नुपर्ने छ र माग गरेको सुची प्राप्त भएपछि सुचीमा रहेका उम्मेद्वारहरु मध्ये गाउँ शिक्षा शाखाले विद्यालयमा सिफारिस गर्नुपर्नेछ र व्यवस्थापन समितीले बढिमा एक शैक्षिक सत्रको लागि शिक्षक नियुक्ति गर्न सक्ने छ।

२. कार्यविधी १ बमोजिम करारमा शिक्षक नियुक्ती गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित र विषय मिल्ने गरी मात्र करार शिक्षक नियुक्ती गर्न सकिने छ।

३. कार्यविधी १ बमोजिम शिक्षक नियुक्ति गर्ने कम्तीमा १५ दिनको सार्वजनिक सुचना संभाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, गाउँ कार्यपालिका र सम्बन्धित विद्यालयमा सुचना टाँस गरिने छ। यस्तो सुचना घरपफ्फोङ गाउँ कार्यपालिकाको *website* मा समेत राख्ने व्यवस्था हुनेछ।

४. कार्यविधी ३ बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकता, अध्ययन अनुमतिपत्रको प्रमाणपत्र साथ निवेदन पेश गर्नुपर्ने छ।

५. कार्यविधी ४ बमोजिम परेका निवेदन उपर गाउँपालिका बाट गठित करार शिक्षक छनौट समिति (आयोगले) परिक्षा सञ्चालन हुने दिनको परिक्षा सञ्चालन भन्दा १ घण्टा अगाडि विज्ञहरुको लिष्टबाट विषयगत आवश्यक हुनेमा सोहि बमोजिमका विषय विज्ञ सहित मिल्ने गरी गोलाप्रथा द्वारा विज्ञहरुलाई छनौट गरिने छ।

६. कार्यविधी ४ बमोजिम छनौट भएका विज्ञहरुले शिक्षक छनौट समितिका पदाधिकारी र गाउँशिक्षा अधिकृतको रोहवरमा प्रश्न बैंक बाट प्रश्न छनौट गर्नुपर्नेछ। र त्यसरी छनौट भइ परीक्षा सञ्चालन भएको १ घण्टा पछि मात्र विज्ञहरुले परीक्षा केन्द्रबाट बाहिर जान पाउनेछन् र सो अवधिभर मोबाइल स्वीच अफ गर्नुपर्नेछ र उत्तर पुस्तिकालाई परीक्षा समितीले कोडिङ गरेपछि सम्परीक्षणको पनि व्यवस्था गरिने छ र दुवै परिक्षणमा अङ्क समान भएमा सोहि बमोजिम र अन्तर १० प्रतिशत माथि परेमा पुनः परिक्षण गरी नतिजा प्रकाशन गरिने छ।

७. विषय विज्ञ छनौटका लागि गाउँपालिकाले संघीय कानून बनी नसकेको हदसम्मको लागि एक हप्ताको सूचना प्रकाशित गरी गाउँपालिका भित्ररहेका स्थायी शिक्षकहरु मध्येबाट तपसिल योग्यता पुगेका शिक्षकहरुलाई विषयगतरुपमा विज्ञको रुपमा छनौट गरिनेछ सोको जानकारी गाउँ कार्यपालिकाको *website* मा राखिनेछ ।

<u>तपसिल</u>

(क) माध्यमिक तह

१. सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको प्रमाणपत्र

२. स्थायी अध्यापन अनुमतिको प्रमाणपत्र लिएको,

३. माध्यमिक तहको स्थायी नियुक्ति लिई ३ वर्ष सेवा अवधि पुगेको,

४. तालिम प्राप्त गरेको प्रमाणपत्र भएको ।

५. नेपाली नागरिकता

६. सम्बन्धित विषयको नमूना प्रश्नपत्र निर्माणको साथै उत्तरकुञ्जिका तयारगरि Hard copy र Soft copy एक एक प्रति गोप्यरुपमा खामबन्दी गरी पेश गर्नु पर्नेछ ।

७. निवेदनका साथ रु. १०००।- दस्तुर बुझाउनु पर्नेछ ।

८. माध्यमिक तहको लेखा विषयको हकमा अस्थायी शिक्षकले पनि आवेदन दिन सक्नेछ ।

९. यस गाउँपालिकाभित्रका आवश्यक विज्ञहरु नपुगेमा अन्य गाउँपालिकाका विज्ञ शिक्षकहरुको निवेदन दर्ता गर्न सकिनेछ ।

(ख) आधारभूत तह

१. सम्बन्धित विषयमा स्नातक उर्त्तीण गरेको,

२. स्थायी अध्यापन अनुमतिको प्रमाणपत्र लिएको,

३. माध्यमिक तहको  स्थायी नियुक्ति लिई ३ वर्ष सेवा अवधि पुगेको,

४ आधारभूत तह कक्षा (१-५) शिक्षक नियुक्तिको लागि आधारभूत तह (६-८) आधारभूत तहको स्थायी नियुक्ति लिई ३ वर्ष सेवा अवधि पुगेको,

५. तालिम प्राप्त गरेको प्रमाणपत्र भएको ।

६. नेपाली नागरिकता

७. सम्बन्धित विषयको नमूना प्रश्नपत्र निर्माणको साथै उत्तरकुञ्जिका तयारगरि Hard copy र Soft copy एक एक प्रति गोप्यरुपमा खामबन्दी गरी पेश गर्नु पर्नेछ ।

८. निवेदनका साथ रु. ५००।- दस्तुर बुझाउनुपर्नेछ ।

**८.उम्मेद्वारको लागि अयोग्यता :**

देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेद्वार हुनको लागि योग्य हुन सक्नेछैनन् :

क) गैर नेपाली नागरिक

ख) १८ वर्ष उमेर नपुगेको

ग) ४० वर्ष उमेर नाघेको

घ) मगज विग्रेको

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत बाट कसुरदार ठहरिएको ।

च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गरिएको ।

छ) अध्यापन अनुमति पत्र नलिएको ।

**९.योग्यता र तालिम :**

क) आधारभुत तहको १-८ कक्षाको लागि : प्रमाणपत्र तह र १० महिने तालिम र अध्यापन अनुमति पत्र

ख) माध्यामिक तहको ९-१० कक्षाको लागि स्नातक तह र १० महिने तालिम रअध्यापन अनुमति पत्र

ग) माध्यामिक तह ११-१२ कक्षाको लागि स्नाकोत्तर तह र अध्यापन अनुमति पत्र तर पहिलो विज्ञापनमा स्थायी अध्यापन अनुमति लिएको उम्मेदारको निवेदन दर्ता नभएमा दोश्रो विज्ञापनमा अस्थायी अनुमति पत्र लिएको उम्मेदारको निवेदन दर्ता गर्न सकिनेछ ।

पुनस्चः माध्यमिक तह ९-१२ मा गणित, विज्ञान र अंग्रेजी विषयको हकमा पहिलो विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र लिएको शिक्षकको निवेदन दर्ता नभएमा विद्यालयले दोश्रो विज्ञापन १ हप्ताको निकाल्नुपर्नेछ र त्यसमा अस्थायी अध्यापन अनुमति पत्र लिएकोलाई पनि निवेदन दर्ता गर्न दिनुपर्नेछ ।

**१०.परीक्षाको पुर्णाङ्क र उत्तीर्णाङ्कः**

शिक्षक छनौट समितिबाट लिइने परीक्षाको पुर्णाङ्क देहाय बमोजिम हुनेछ :

क) लिखित परीक्षाको १०० अङ्क

ख) प्रयोगात्मक परीक्षाको २५अङ्क

ग) अन्तरवार्ताको २५ अङ्क

तर विषयको प्रकृती हेरी आवश्यक ठानेमा मात्र प्रयोगात्मक परिक्षा लिइने छ ।

लिखित परिक्षाको ३५ र प्रयोगात्मक तथा अन्तरवार्ताको १०/१० अङ्कलाई उत्तीर्णाङ्क हुने छ ।

**११.अन्तरवार्ताको अङ्कः**

अन्तरवार्ताको लागि छुट्याएको अङ्कलाई देहायबमोजिम दिइने छ :

क) अनुभव बापत सोही श्रेणीको पदमा अन्य कतै काम गरेवापत प्रत्येक वर्षको १ अङ्कका दरले बढिमा १२ अंक

ख) शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ३ द्वितीय श्रेणीको भए २ तृतीय श्रेणीको भए १ अङ्कका दरले बढिमा ३ अङ्क

ग) अन्तरवार्ता बापत १० अंक

तर अन्तरवार्ताको अङ्क दिँदा कुनै उमेद्वारलाई ७० प्रतिशत भन्दा बढि र ४० प्रतिशत भन्दा कम अङ्क दिनपर्ने भएमा त्यस्तो नम्वर दिनपर्ने स्पष्ट कारण खुलाउनुपर्ने छ ।

**१२.पाठ्यक्रम :**

शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम नै सम्बन्धित तहको पाठ्यक्रम मानिने छ। शिक्षक छनौट समितीले लिखित परीक्षा र प्रयोगात्मक परिक्षा लिएको भए सो परीक्षामा सफल भएका उमेद्वारहरुको अन्तरवार्तामा प्राप्त गरेको अङ्क जोडि सवै परीक्षाको कुल अङ्कमा सबैभन्दा बढि अङ्क प्राप्त गर्ने उम्मेद्वारको नाम नियुक्तिका लागि सिफारिस गरीने छ र सिफारिस गरेको उम्मेद्वारले ७ दिन भित्र नियुक्तीको लागि संवन्धित विद्यालयमा संपर्क नगरेमा बैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिन सकिने छ।

**१३. करार शिक्षक छनौट समिति** : (१) सामुदायिक शिक्षकको करार नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवाको लागि विद्यालय व्यवस्थापन समितिमा नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-

(क) व्यवस्थापन समितिले तोकेको सो समितिको अध्यक्ष वा सदस्य - संयोजक

(ख) तोकिएको परीक्षा सञ्चालन गर्नका लागि परीक्षा सञ्चालन गर्नु भन्दा दुई घण्टा अगाडि सूचीकृत विषय विज्ञहरु मध्येबाट गोलाप्रथाद्वारा विषयविज्ञको छनौट भएका २ जना -सदस्य

(ग) सम्बन्धित क्षेत्रको शिक्षा हेर्ने अधिकृत वा निजले तोकेको विद्यालय निरीक्षक- सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ।

(३) शिक्षक छनौट समितिले आफ्नो बैठक लगायतका अन्य कार्यविधिआफैनिर्धारण गर्नेछ।

**१४. शिक्षक नियुक्ति कार्यविधिमा कुनै कार्य गर्न कठिनाई आईपरेमा घरपझोङ गाउँकार्यपालिकाले निर्णय गरि वाधा अडकाउ फुकाउनेछ।**

घरपझोङ गाउँकार्यपालिका